आज मिति २०७६।१०।२२ गते बुधवारको दिन विहान ८:०० बजे यस छिपहरमाई गाउँपालिकाको कार्यालय भिस्वा पर्सामा आठौ गाउँसभाको बैंठक गाउँपालिका अध्यक्ष श्री मनोज कुमारज्यूको अध्यक्षतामा र देहायका पदाधिकारीज्यूहरुको उपस्थितिमा निम्न अनुसारको निर्णयहरु गरियो ।

**उपस्थिती:**

| | | |
|---|---|---|
| १. | श्री मनोज कुमार | अध्यक्ष |
| २. | श्री मोदिना खातुन | उपाध्यक्ष |
| ३. | श्री राजवली राउत अहन | वडा अध्यक्ष |
| ४. | श्री महेन्द्र साह कलवार | वडा अध्यक्ष |
| ५. | श्री बालक राउत गदी | वडा अध्यक्ष |
| ६. | श्री विनोद प्रसाद कानु | वडा अध्यक्ष |
| ७. | श्री मौजिलाल साह कानु | वडा अध्यक्ष |
| ८. | श्री मुक्तीनारायण प्रसाद साह | सदस्य |
| ९. | श्री दुखनी देवी तत्वा | सदस्य |
| १०. | श्री राजमती देवी राजपुत | सदस्य |
| ११. | श्री गिता देवी राजपुत | सदस्य |
| १२. | श्री मुन्नी खातुन | सदस्य |
| १३. | श्री विजयकुमार राउत कुर्मि | सदस्य |
| १४. | श्री किशोर प्रसाद यादव | सदस्य |
| १५. | श्री हिरा देवी चमार | सदस्य |
| १६. | श्री चनरावती देवी | सदस्य |
| १७. | श्री बासदेव साह | सदस्य |
| १८. | श्री सकुर मिया | सदस्य |
| १९. | श्री गिर्जा देवी | सदस्य |
| २०. | श्री राजा हुसेन | सदस्य |
| २१. | श्री अमिरका गिरी | सदस्य |

मनोज कुमार
गाउँपालिका प्रमुख

| | | |
|---|---|---|
| २२. | श्री हिरामती देवी | सदस्य |
| २३. | श्री रम्भा देवी | सदस्य |
| २४. | श्री इसरायल मिया | सदस्य |
| २५. | श्री फर्जन मिया | सदस्य |
| २६. | श्री निलम देवी | सदस्य |
| २७. | श्री मुस्लिम अंसारी | सदस्य |
| २८. | श्री जवाहिरप्रसाद कानु | सदस्य |
| २९. | श्री देवनाथ साह | सदस्य सचिव |

**आमन्त्रितः**

| | |
|---|---|
| श्री सुवाश साह कानु | जि.स.स. सदस्य |
| श्री शम्भु प्रसाद साह | स्वा. संयोजक |
| श्री सौरभ निरौला | इन्जीनियर |
| श्री सृजना बुढाथोकी | शिक्षा अधिकृत |
| श्री संजिव कुमार यादव | सु.प्र.अ. |
| श्री प्रकाश कुमार गुप्ता | सब-इन्जीनियर |
| श्री रिंकु कुमारी दास | सब-इन्जीनियर |
| श्री बुद्धिसागर मरहठा | लेखापाल |
| श्री केदार सहनी | योजना शाखा |
| श्री सुशिला देवकोटा | प्रशासन शाखा |
| श्री संजय कुमार साह | कम्प्युटर अपरेटर |
| श्री प्रशान्त कुमार साह | कम्प्युटर अपरेटर |
| श्री शिबु कुमार कानु | अमिन |

प्रस्ताव नं :

१. आ.व. २०७६/०७७ को बजेट संसोधित सम्बन्धमा ।

२. विविध सम्बन्धमा ।

मनोज कुमार
गाउँपालिका प्रमुख

निर्णय नं. १ : प्रस्ताव नं. १ माथि छलफल गर्दा तपसिल बमोजिम बजेट संशोधन गर्ने निर्णय गरियो ।

०७६/०७७ को विनियोजित बजेट (प्रशासनिक तर्फ )

| बजेट रकम नं | बजेट रकम | सातौ गाउँसभाबाट विनियोजित बजेट | आ.व. २०७६/०७७ को संशोधित | | जम्मा संशोधित | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | बजेट थप | बजेट घट | | |
| २११३४ | बैठक भत्ता | ४००,०००।० | ४५०,०००।० | - | ८५०,०००।० | |
| २२४११ | सेवा र परामर्श खर्च | १,०००,०००।० | - | ९००,०००।० | १००,०००।० | |
| २२७११ | विविध खर्च | २,५००,०००।० | ४५०,०००।० | - | २,९५०,०००।० | |
| २७२११ | छात्रवृति (विद्यार्थि र कर्मचारी) | २००,०००।० | | १००,०००।० | १००,०००।० | |
| २८९११ | भैपरी आउने चालु खर्च | ५००,०००।० | - | ४००,०००।० | १००,०००।० | |
| | जम्मा | ४,६००,०००।० | ९००,०००।० | १,४००,०००।० | ४,१००,०००।० | |

०७६/०७७ को विनियोजित बजेट (पूजिगत तर्फ )

| बजेट रकम नं | बजेट रकम | सातौ गाउँसभाबाट विनियोजित बजेट रकम | आ.व. २०७६/०७७ को संशोधित | | संशोधित पश्चात कायम हुने विनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | बजेट थप | बजेट घट | | |
| | सम्पूरक कोष | २५,२१५,०००।० | ४,५००,०००।० | - | २९,७१५,०००।० | |

वडा स्तरीय आयोजना (वडा नं. ५ भिस्वा)

| क.सं. | बजेट रकम नं | आयोजनाको नाम | आयोजना संचालन हुने स्थान | सुरु विनियोजित बजेट रकम | आ.व. २०७६/०७७ को संशोधित | | संशोधित पश्चात कायम हुने विनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | बजेट थप | बजेट घट | | |
| | ३११५१ | सडक ढलान | नन्दलालको घरदेखि राजदेवको घरसम्म | १,०००,०००।० | - | १,०००,०००।० | - | |
| ४ | ३११५१ | नाला निर्माण | दिनेश साहको घर देखि सितलको खेतसम्म एक तर्फ | १,५००,०००।० | - | १,५००,०००।० | - | |

गा.पा.स्तरीय आयोजना (वडा नं.१, मिर्जापुर)

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ३११५१ | सडक ढलान | लालबाबु यादवको घरदेखि कैलाशको घरहुदै ईनारसम्म | १,०००,०००।० | - | १,०००,०००।० | - | |

गा.पा.स्तरीय आयोजना(वडा नं.४, तुलसीवर्वा)

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ३११५१ | सडक ढलान | साविक वडा नं. ४ बञ्जारीमा) सम्भु राउत अहिरको घरदेखि पश्चिम तर्फ बनारसि हजराको घरसम्म | ५००,०००।० | | ५००,०००।० | | |
| | | जम्मा | | ४,०००,०००।० | | ४,०००,०००।० | - | |

मनोज कुमार
गाउँपालिका प्रमुख

छिपहरमाई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पर्सा, नेपाल

**निर्णय नं. २ : प्रस्ताव नं. २ को देहायको बुँदामाथि छलफल गर्दा तपसिल बमोजिम गर्ने निर्णय गरियो ।**

**तपसिल :**

१. सोलार सम्बन्धि कार्यमा उपभोक्ता समितिको योगदान ५ (पाँच) प्रतिशत हुने निर्णय गरियो । साथै छिपहरमाई गाउँपालिकाको मिति २०७६/०८/१३ को सातौं गाउँसभाको निर्णय नं. २ को सि.नं. १ को आयोजना (३ HP सोलार सिँचाई प्रणाली जडान) मा विनियोजित बजेटबाट ८ वटा 3HP सोलाई सिँचाई र १ वटा २ 2HP सोलाई सिँचाई जडान हुने भएकोले उक्त कार्यलाई सदर गर्ने र उक्त सोलार सिँचाई जडान कार्य सम्पन्न भएको देखिएकोले सोको भुक्तानी दिने निर्णय गरियो ।

२. छिपहरमाई गाउँपालिका शिक्षा ऐन, २०७६ र नियमावली, २०७६ का आधारमा सामुदायिक विद्यालयहरुमा करारमा शिक्षक भर्ना प्रक्रिया शुरु गर्ने निर्णय गरियो ।

३. आ.व. २०७६/०७७ को चालु बजेट तर्फ सूचना प्रविधि तथा सफ्टवेयर संचालन खर्चबाट संचार खर्चमा रु. १,६०,०००।- (एक लाख साठी हजार मात्र) विनियोजन गर्ने निर्णय गरियो ।

४. हालसम्म भएका छिपहरमाई गाउँपालिका गाउँ कार्यपालिकाको सम्पुर्ण निर्णयलाई सदर गर्ने निर्णय गरियो ।

५. सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६ को खण्ड ३ दफा ३.३.२ अनुसार सुविधा सहितको नियुक्त गरिएका भान्सेमार्फत खाजा तयारी तथा वितरण मोडेलमा "विद्यालयले स्थानीय तह तथा अभिभावकहरुको सहयोगमा तोकिएको मापदण्ड अनुसारको भान्सेको नियुक्ति गर्नेछ ।" भनी उल्लेख भएको त्यस्तै दफा ३.५ अनुसार "निकासा रकम खाद्य सामग्री खरिद तथा आपुर्ति र भान्से व्यवस्थापनका प्रयोजनमा मात्र खर्च गर्नुपर्ने छ ।" भनी उल्लेख भएको साथै दफा ३.६ अनुसार "विद्यालयमा नै खाजा तयार गरी वितरण गर्ने तरिका अपनाउँदा प्राप्त भएको रकमबाट नै खाद्य सामग्री, भान्से र ईन्धनको व्यवस्था गर्नुपर्ने छ ।" भनी उल्लेख भएको देखिएकोले सशर्त अनुदान तर्फ दिवा खाजा कार्यक्रमको लागि प्राप्त बजेटबाट मासिक रु. ९०००।- (नौ हजार मात्र) तलब भत्ता खाने गरी प्रत्येक सामुदायिक विद्यालयमा १/१ (एक /एक) जना भान्से नियुक्त गर्ने र सोको भुक्तानी दिने निर्णय गरियो ।

तर उक्त रकम सशर्त अनुदान तर्फबाट भुक्तानी गर्दा उपयुक्त नहुने ठहर भएमा गाउँपालिकाले आफ्नो बजेटबाट सोधभर्ना गर्ने समेत निर्णय गरियो ।

मनोज कुमार
गाउँपालिका प्रमुख